## १.१ पृष्ठभूमि :

वि.सं. २०६२/०६३ सालमा भएको ऐतिहासिक जनआन्दोलन–२ को उपलब्धि स्वरुप विकसित राजनैतिक परिस्थितिमा आफ्नो लागि आफैं संविधान बनाउन पाउने नेपाली जनताको अधिकारलाई प्रत्याभूत गर्न सात राजनैतिक दलको गठबन्धन र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का शीर्ष नेताहरुको २०६३ कार्तिक २२ गते भएको निर्णय तथा नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताका आधारमा २०६४ जेठ मसान्तभित्र संविधान सभाको निर्वाचन गर्ने नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लेख भएकोले सो निर्वाचन सम्पन्न गर्न २०६३ कार्तिकदेखि विभिन्न चरणमा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरुको नियुक्ति भयो । आयोगको गठन हुँदाका अवस्थामा संविधान सभा सदस्य निर्वाचनका लागि छुट्टै कानूनी व्यवस्था भइसकेको थिएन तथापी राजनीतिक सहमति बमोजिम तय भएको मितिमा संविधान सभा सदस्यको निर्वाचन गराउने लक्ष्य लिएर आयोगले आवश्यक कानूनी तथा संस्थागत व्यवस्था मिलायो । यसै बीच विविध कारणले दुई पटकसम्म निर्वाचनको मिति संशोधन भयो । अन्ततः २०६४ चैत २८ गते संविधान सभा सदस्यको निर्वाचन गर्ने गरी नेपाल सरकारले निर्वाचन मिति तोकेको र आयोगले सो निर्वाचन तोकिएकै मितिमा शान्तिपूर्वक सम्पन्न गरेको छ । सम्पन्न निर्वाचनका परिणामहरुलाई विश्लेषण गरी सङ्ग्रहित रुपमा आयोगले यो पुस्तिका तयार गरेको हो ।